श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

<u>फैसला</u>

२०७९।०८० सालको निर्णय नं. ४६०

पुनरावेदन नं. ०७५-RB-०१५३

पुनरावेदन दर्ता मिति २०७५।०९।०५

<u>मुद्दाः– अग्रिम कर (२०७०/०७१)।</u>

चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं.१ स्थित बोटलर्स नेपाल(तराई) लि.को तर्फबाट अधिकार प्राप्त प्रवन्धक कानून ऐ. वडा नं.७, मैजुबहाल, चाबहिल बस्ने प्रतिमा बर्मा.......................................................................................१ } पुनरावेदक

<u>विरुद्ध</u>

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर......................................१ } प्रत्यर्थी

<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरु निर्णय गर्ने कार्यालय :- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मिति :- २०७५।०४।०७

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट :- विद्वान अधिवक्ता श्री महेश कुमार थापा र विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

<u>अवलम्बित नजीरः ×</u>

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०४।०७ मा भएको अग्रिम कर माग गर्ने निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी आन्तरिक राजस्व विभागलाई जानकारी दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता बोटलर्स नेपाल (तराई) लि. ले आ.व. २०७०/०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार आय विवरण ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।३० मा विवरण पेश गरेको।

२. आ.व. २०७०/०७१ को पूर्ण कर परीक्षणको सिलसिलामा करदाताको खर्च भुक्तानी विवरण तथा वित्तीय विवरण समेतको प्रमाणहरू छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन अनुसार करदाताको आ.व. २०७०/०७१ को लागि आयकर ऐन, २०५८ दफा ९०(८) बमोजिम अग्रिम कर कट्टी माग गर्ने प्रयोजनको लागि अग्रिम कर कट्टी रकम, व्याज र शुल्क समेत गरी जम्मा रू.९१,५७,१८५।— अग्रिम कर माग गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०३।१९ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।१९ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।२४ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७५।०४।०६ मा पेश गरेको।

४. आयकर ऐन, २०५८ को दफा २(कद) बमोजिम स्थायी संस्थापन हुने FABS International Inc. Singapore लाई भुक्तानी गरेका कुल ठेक्का करार रकम रू.१,२३,२२,३१,८७५।- मा ऐनको दफा ८९(१) बमोजिम १.५ प्रतिशतले हुने रकम माग गर्नु कानून सम्मत ठहर्छ, जहाँ सम्म करदाताले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क आकर्षित हुँदैन भनी जिकिर लिएको छ सो सम्बन्धमा हेर्दा ऐनले तोकेको समयमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने भुक्तानीमा अग्रिम कर कट्टी नगरेको अवस्थामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको ५० प्रतिशत शुल्क समेत माग गर्नुपर्ने भन्ने आयकर निर्देशिका, २०६६ (संशोधन सहित) को पेज नं. ३५८ को उदाहरण नं. १६.५.४ मा स्पष्ट व्यवस्था भएको हुंदा करदाताले दफा १२०(क) आकर्षित हुँदैन भनी लिएको जिकिर पुग्न नसक्ने ठहर्छ, मिति २०७५।०३।१९ को अग्रिम कर माग गर्नुपर्ने सूचनाको

कारण र आधारको बुंदा नं. २ को सम्बन्धमा करदाताले कुनै जवाफ तथा प्रतिक्रिया पेश नगरेको हुंदा सो रकमलाई स्वीकार गरेकै मान्नु पर्ने देखियो। अतः कार्यालयबाट मिति २०७५।०३।१९ मा माग गरिएको अग्रिम कर रकम रू.९१,५७,१८५।- (अक्षेरूपी एकानब्बे लाख सन्ताउन्न हजार एकसय पचासी रूपैया मात्र) आयकर ऐन, २०५८ को ९०(८) बमोजिम अग्रिम कर दाखिला गर्न आदेश दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०४।०७ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०४।०७ मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिम कर कट्टी निर्धारण आदेशको सूचना करदाताले तदनुसार २६-०७-२०१८ मा बुझिलिएको भरपाई।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०४।०७ मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिम कर कट्टी निर्धारण आदेशमा चित्त नबुझी बोटलर्स नेपाल (तराई) लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

७. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०४।०७ मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिम कर कट्टी निर्धारण आदेशमा चित्त नबुझी श्री बोटलर्स नेपाल (तराई) लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिनभित्र निर्णय गरी सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ११५(९) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

८. निवेदकले मिति २०७५।०९।०६ मा आयकर ऐन, २०५८ को दफा ११५(८) र दफा ११६(१) बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन गरिने जानकारी गराएको र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको वेहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदन पत्र राखी मिति २०७५।०९।०६ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा गर्ने गरी मिति २०७५।०९।११ मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

९. FABS **Singapore** संगको कूल करार मूल्य रु.१,२३,२२,३१,८७५।- को १.५ प्रतिशतको दरले हुन आउने अग्रिम कर कट्टी रु.१,८४,८३,४७८।- दाखिला गर्नु पर्नेमा रु.१,४३,३८,४९५।- मात्र दाखिला भएकोले नपुग रु.४१,४४,९८१।- र त्यसमा व्याज तथा शुल्क समेत गरी रु.८७,५६,२७१।- माग गर्ने गरी प्रत्यर्थी कार्यालयले मिति २०७५।०४।०८ मा भएको आदेश र मिति २०७५।०४।०७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताबाट यस न्यायाधिकरणमा

मिति २०७५।०९।०६ मा दर्ता भएको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि सहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।०५।११ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

११. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता वोटलर्स नेपाल(तराई) लिमिटेडका तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री महेश कुमार थापा र अधिवक्ता श्री मन्जु बुढाथोकीले करदाताको आ.व. २०७०/०७१ को अग्रिम कर कट्टीका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको आदेश त्रुटिपूर्ण हुँदा सो बदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर माग गर्ने निर्णय कानुनसम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१३. अब पुनरावेदक करदाताको पुनरावेदन पत्र हेर्दा, एक मात्र पुनरावेदन जिकिर FABS International inc. Singapore सँगको करार मूल्यको १.५ प्रतिशतको दरले हुन आउने अग्रिम कर कट्टी रु.१,८४,८३,४७८/- दाखिला गर्नु पर्नेमा रु.१,४३,३८,४९५/- मात्र दाखिला भएकोले नपुग रु.४१,४४,९८१/- र त्यसमा लागेको ब्याज तथा शुल्क समेत गरी रू.९१,५७,१८५।- माग गरेको सम्बन्धमा देखिन्छ। यिनै करदाताले दायर गरेको लगाउको ०७५ - RB - ०१५४ को आयकर मुद्दामा करदाताले FABS International inc. Singapore लाई भवन निर्माण, उपकरण जडान समेत गर्न ठेक्का सम्झौता गरी रु.१,२३,२२,३१,८७५। - भुक्तानी दिएको र उक्त भवन, उपकरण जडान गर्दा लागेको सो रकम पूँजीकृत गरी आयकर ऐन, २०५८ को दफा १९ बमोजिम ह्रास खर्च दावी गरेकोमा ह्रास खर्च अमान्य गरेको समेतको निर्णय बदर भई पुनः निर्णय गर्न ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरमा पठाउने ठहरी आजै यसै इजलासबाट फैसला भएको हुँदा उक्त मुद्दासँग यो मुद्दा समेत अन्तरप्रभावित रहेको देखिंदा करदातासँग अग्रिम कर माग गर्ने निर्णय कायम रहन सक्ने देखिएन। त्यसैले शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको निर्णय बदर गरी लगाउको आयकर मुद्दामा हुने पुनः संशोधित कर निर्धारण आदेश समेत हेरी पुनः निर्णय गर्न शुरुमा पठाउनु पर्ने देखियो। शुरु निर्णय नै बदर भएकोले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको विषयमा थप विवेचना गरिरहन परेन।

१४. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट प्रस्तुत मुद्दामा निरुपण गर्नु पर्ने प्रश्न यिनै करदाताले दायर गरेको लगाउको ०७५-RB-०१५४ को आयकर मुद्दासंग अन्तरप्रभावित

रहेको र सो मुद्दा आज यसै इजलासबाट पुनःसंशोधित कर निर्धारण गर्न शुरुमा पठाउने ठहर भई फैसला भइसकेको हुँदा आयकर मुद्दामा हुने पुनःसंशोधित कर निर्धारण आदेश समेत हेरी प्रस्तुत मुद्दामा समेत पुनःनिर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रस्तुत मुद्दामा पुनःनिर्णय गर्नुपर्ने ठहरी फैसला भएकोले यो फैसला सहित पुनः निर्णयको लागि फाइल ठूला करदाता कार्यालयमा पठाइदिनू।
२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौंलाई दिनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनु।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री लक्ष्मी प्रसाद शर्मा
कम्प्यूटर टाइपः श्री शान्ता खतिवडा
इति सम्बत २०८० साल जेष्ठ ३० गते रोज ३ शुभम्------------------------
प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्नेः-

राजस्व न्यायाधिकरण काठमाण्डौको छाप